"सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा"

# सिरीजङ्घा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

पत्र संख्या:२०७७।०७८

चलानी नम्बर: ९००९

मिति: २०७७।१०।०८

विषय: "गाउँमै रोजगार, गर्वको आधार" नामक कार्यक्रममा सहभागिता जनाउन इच्छुक गाउँपालिका क्षेत्रभित्रका प्रत्येक वडावासी लक्षित सूचना।

प्रस्तुत विषयमा सिरीजङ्घा गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (सातौं) द्वारा पारित गाउँमै रोजगार, गर्वको आधार नामक कार्यक्रममा प्रत्येक वडामा रु. ५ लाख बजेट विनियोजन भएको र उक्त बजेट कार्यान्वयनमा एकरुपता र पारदर्शिता ल्याउने उद्देश्यले सिरीजङ्घा गाउँ कार्यपालिकाबाट स्वीकृत "गाउँमै रोजगार, गर्वको आधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" अनुसार देहायमा उल्लिखित उद्यमका लागि तपसिल बमोजिमका लक्षित व्यक्ति तथा समुहलाई सम्बन्धित वडा समितिको निर्णय बमोजिम भौतिक पूर्वाधार निर्माण अनुदान वा वस्तुगत अनुदान वा नगद अनुदान मध्ये कुनै एक अनुदान उपलब्ध गराउने व्यवस्था भएकोमा यसैसाथ संलग्न आवेदन (लक्षित व्यक्ति तथा समुह अनुसार फरक/फरक) फाराम भरी यही मिति २०७७ साल माघ २२ गतेभित्र सम्बन्धित वडा कार्यालयमा गई आवेदन गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**अनुदान उपलब्ध गराइने उद्यमहरु:**

(१) फर्निचर उद्यम, वा (२) कृषि उद्यम, वा (३) नेपाली हाते कागज उत्पादन गर्ने उद्यम, वा (४) स्थानीय बाँस तथा काठको प्रयोग गरी निर्माण हुने बाँस तथा काठजन्य सामाग्री उत्पादन गर्ने उद्यम, वा (५) स्थानीय स्रोत/सामाग्री मात्र प्रयोग गरी उत्पादन हुने अन्य उद्यम।

**अनुदान उपलब्ध गराइने लक्षित व्यक्ति तथा समुहहरु:**

१. कोभिड १९ (कोरोना भाइरस) का कारण वैदेशिक रोजगारी गुमी गाउँ फर्केका कम्तीमा ३ जना वडावासी व्यक्तिहरु उद्यम गर्ने उद्देश्यका साथ व्यवसायिक कार्ययोजना सहित एकापसमा मिली वडा अध्यक्षको रोहबरमा गठन भएको समुह, वा

२. कम्तीमा ३ जना स्थानीय वडावासीहरु उद्यम गर्ने उद्देश्यका साथ व्यवसायिक कार्ययोजना सहित एकापसमा मिली वडा अध्यक्षको रोहबरमा गठन भएको समुह, वा

३. समुह दर्ता गरी विगतदेखी नै सामूहिकरुपमा उद्यम सञ्चालन गर्दै आएका पुराना उद्यमी, वा

४. विगतदेखी नै व्यक्तिगतरुपमा उद्यम सञ्चालन गर्दै आएका पुराना उद्यमी।

पुनश्च: अनुदान पाउने योग्य लाभग्राहीको छनोट "गाउँमै रोजगार, गर्वको आधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" बमोजिम सम्बन्धित वडा समितिले नै गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैको लागि जानकारीका लागि अनुरोध छ।

२०७७।१०।०८

(श्री सन्तोष घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत